परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक






वर्ष : ३ अंक : ३६० पृष्ठ ४ २०८२ असोज २९ गते, बुधबार 15 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।


# नगरको बजेट नागरिककै हितमा खर्चिनुपर्छ : नगरप्रमुख क्षेत्र

टक नेपाल



"गरपालिकाको बजेट नगरवासीकै हितमा खर्च गर्नुपर्छ," बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीको यो भनाइ पछिल्लो बजेट प्रस्तुतिसँगै स्थानीय स्तरमा व्यापक छलफलको विषय बनेको छ। नगरप्रमुख क्षेत्रीका अनुसार, बजेटको हरेक रुपैयाँ नागरिकको जीवनस्तर सुधार र दीगो विकासमा केन्द्रित हुनुपर्छ। उनले भने, "नगरपालिकाको स्रोतसाधन सीमित छन्, त्यसैले यसको प्रयोग योजना अनुसार पारदर्शी र परिणाममुखी हुनुपर्छ। नागरिकको प्रत्यक्ष फाइदा नपुग्ने कुनै पनि खर्च नगरका लागि अर्थपूर्ण हुँदैन।"

बर्दिबास नगरपालिकाले पछिल्ला वर्षहरूमा बजेट निर्माण प्रक्रियामा जनसहभागितालाई प्राथमिकता दिएको छ। वडास्तरमा सुझाव संकलनदेखि नीति तथा योजना समितिको छलफलसम्म, स्थानीय नागरिक, महिला समूह, युवा र किसानका आवाजलाई समेट्ने प्रयास गरिएको छ। नगरप्रमुख क्षेत्री भन्छन्, "हामी कागजी प्रक्रिया भन्दा बढी व्यवहारिक पक्षमा केन्द्रित छौं। नागरिकलाई के चाहिन्छ, समस्या कहाँ छ, र समाधानमा लगानी कहाँ गर्नुपर्छ – यी प्रश्नहरूलाई बजेटको केन्द्रमा राखिएको छ।"

नगरपालिकाको आगामी आर्थिक वर्षको बजेटमा शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, कृषि र पूर्वाधार विकासलाई प्राथमिकता दिइएको छ। विद्यालयमा गुणस्तरीय शिक्षा, सामुदायिक स्वास्थ्य सेवाको सुदृढीकरण, खानेपानीको दिगो स्रोत संरक्षण र वातावरणमैत्री विकास योजनाहरूमा ठूलो हिस्सा छुट्याइएको छ। नगरप्रमुख क्षेत्रीका अनुसार, "विकास भनेको भवन र सडक मात्र होइन, नागरिकको जीवनमा सुधार ल्याउने प्रक्रिया पनि हो। त्यसैले हरेक परियोजना दीगो र जनउत्तरदायी हुनुपर्छ।"

बजेट कार्यान्वयनमा पारदर्शिता कायम गर्न बर्दिबास नगरपालिकाले नागरिक बजेट विवरण प्रकाशन र अनलाइन सूचना प्रणाली विस्तारजस्ता कार्यक्रम अघि सारेको छ। नगरप्रमुख क्षेत्री भन्छन्, "अहिलेको समयमा लुकाएर काम गर्ने ठाउँ छैन। जनताको करबाट उठेको रकम जनताको सामु जबाफ दिनु नै हाम्रो जिम्मेवारी हो। त्यसका लागि सूचना खुला र पहुँचयोग्य बनाइएको छ।"

स्थानीय विकासमा निजी क्षेत्र, संघसंस्था र नागरिक समाजसँग सहकार्यलाई पनि नगरप्रमुख क्षेत्रीले आवश्यक देखाएका छन्। उनले भने, "सरकार एक्लैले सबै काम गर्न सक्दैन। सहकार्यको भावना र साझेदारीकै माध्यमबाट हामी प्रभावकारी विकास गर्न सक्छौं।"

बर्दिबासका नागरिकहरू नगरपालिकाबाट ठूला अपेक्षाहरू राख्छन् – राम्रो सडक, स्वच्छ खानेपानी, रोजगारीका अवसर र समयमै सेवा। नगरप्रमुख क्षेत्री भन्छन्, "नागरिकको विश्वास कायम राख्नु हाम्रो पहिलो दायित्व हो। बजेट कार्यान्वयनले त्यो विश्वास जित्न सक्नुपर्छ।"

बर्दिबास नगरपालिकाको बजेट केवल कागजमा लेखिएको योजना होइन, त्यो नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने दस्तावेज हो। नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीका अनुसार, "नगरको समृद्धि नगरवासीको समर्पण र सहकार्यबाट मात्र सम्भव छ। त्यसका लागि बजेट हरेक नागरिकका हितमा खर्चिनु अनिवार्य छ।"

नगरप्रमुख क्षेत्रीको नागरिक केन्द्रित, पारदर्शी र सहभागी दृष्टिकोणले बर्दिबास नगरपालिकाको शासन शैलीलाई जिम्मेवार र विश्वासिलो दिशातर्फ उन्मुख गराएको छ।










परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### प्रहरीको मनोबल पुनःस्थापना आवश्यक

'सत्य सेवा सुरक्षणम्' भन्ने मूल मन्त्र बोकेको नेपाल प्रहरी आज गम्भीर मनोवैज्ञानिक संकटमा छ भदौ २४ गतेको जेनजी पुस्ताको नाममा भएको नेतृत्वविहीन हिंसात्मक विद्रोहले सिङ्गो प्रहरी सङ्गठनको आत्मबल र विश्वासमा गहिरो चोट पुऱ्याएको छा राज्यको आन्तरिक शान्ति र सुरक्षाको मेरुदण्ड मानिएको प्रहरीमाथि भएको क्रूर आक्रमणले केवल संस्थाको नुर मात्रै घटाएको छैन, देशकै कानून र शासन प्रणालीमाथि प्रश्न उठाएको छ।

जनताको जीउधन र सम्पत्तिको सुरक्षा गर्ने कसम खाएको प्रहरी आज आफ्नै देशमा असुरक्षित महसुस गर्न बाध्य भएको छ। बर्दी खोसिएर सडकमा हेलिन बाध्य बनाइएका प्रहरीमाथिको अत्याचारले नागरिक र राष्ट्रबीचको विश्वास सम्बन्धमा दरार ल्याएको छ। प्रहरीविना समाजको कल्पना सम्भव छैन, त्यसैले सुरक्षा निकायमाथिको विश्वास पुनःस्थापना राज्यको पहिलो प्राथमिकता हुनुपर्छ।

सरकारले आन्दोलनको कारण, जिम्मेवारी र अपराधी पहिचान गरी दोषीलाई कानुनी दायरामा ल्याउन ढिलाइ गर्नु हुँदैन। प्रहरी संगठनका भौतिक संरचना पुनर्निर्माण, मानसिक उपचार, आधुनिक तालिम र मनोबल पुनःउत्थानका कार्यक्रम तत्काल अघि बढाइनुपर्छ।

नेपाल प्रहरीले इतिहासभर देशको स्थायित्वका लागि बलिदान दिएको छ। अब राज्य र समाज दुवैले प्रहरीलाई दोष होइन, सहारा दिनुपर्छ। प्रहरीको मनोबल गिरेको राष्ट्र कहिल्यै स्थिर रहँदैन। शान्ति र कानुनको शासन चाहने हो भने प्रहरीलाई सम्मान र सुरक्षाको प्रत्याभूति आजै दिनुपर्छ – यही राष्ट्रको अस्तित्व र स्थायित्वको आधार हो।

# अलमलमा जेनजी, चुनाव ........................

जेनजी पुस्तामा स्थापित राजनीतिक दलहरू र तिनका नेताहरूप्रति गहिरो अविश्वास छ । यही अविश्वासका कारण उनीहरू आफैं दल खोल्न वा कुनै दलमा सामेल हुन हिचकिचाइरहेका छन् । उनीहरूलाई परम्परागत राजनीतिको दलदलमा फस्ने डर पनि देखिन्छ। त्यस्तै, केही समूह तत्काल सरकारको गतिविधिमाथि निगरानी राख्ने र सुधारका लागि दबाब दिने पक्षमा छन् भने केही प्रत्यक्ष रूपमा चुनावी राजनीतिमा होमिन चाहन्छन्।

यो अल्पकालीन र दीर्घकालीन लक्ष्यहरूबिचको भिन्नताले पनि पार्टी गठनको विषयलाई जटिल बनाएको देखिन्छ। आन्दोलनका सहिद तथा घाइते परिवारका सदस्यहरूले जेनजी आन्दोलनको उपलब्धिलाई रक्षा गर्न छुट्टै राजनीतिक दल खोल्नुपर्ने आवश्यकता औंल्याएका छन्।

छिटोभन्दा छिटो जेनजी समूह जम्मा भएर राष्ट्रिय राजनीतिक पार्टी गठन अपरिहार्य रहेको उनीहरूले नै बताएका छन्, तर यो दबाबलाई पनि जेनजी समूहहरूले एकीकृत रूपमा सम्बोधन गर्न सकेका छैनन्।

'मुद्दामा संयोजनककारी भूमिका आवश्यक छ'

राजनीतिक विश्लेषक कैलाश राई यस विषयमा फरक दृष्टिकोण प्रस्तुत गर्छिन् । हरेक कुरामा एकरूपता खोज्ने अवधारणा नै समस्याग्रस्त रहेको उनी बताउँछिन्। सुदन गुरुङको टिम, मिराज ढुंगाना, रक्षा बमलगायत सबै जेनजीहरू एउटै ब्यानरमुनि आउनुपर्छ भन्ने माग पूरा हुने उनी देख्दिनन् । युवा समूहहरूभित्रको विभाजन नयाँ नभई समाजमा विद्यमान फरकपनको प्रतिबिम्ब भएको उनले तर्क गरिन्।

राईले जेनजीका विभिन्न समूहले प्रस्तुत गरिरहेका फरक-फरक दृष्टिकोणहरूलाई राम्रोसँग केलाउनुपर्नेमा पनि जोड दिइन्। यी फरक मुद्दा र एजेन्डाहरूलाई समन्वयकारी स्वरूपमा एकै ठाउँमा ल्याउनुपर्ने आवश्यकता रहेको उनको सुझाव छ । यसका लागि कुनै व्यक्ति, एजेन्सी वा टिमले समन्वयकारी भूमिका खेल्नुपर्ने र त्यसले विभिन्न दृष्टिकोण, मुद्दा र एजेन्डाहरूलाई छलफलको टेबलमा ल्याउन सकिने बताइन्।

'यसले जेनजीको फुटमाथिको शंकालाई सकारात्मक रूपमा सम्बोधन गर्दै अगाडि बढ्ने बाटो दिन्छ, आन्दोलनमा अहिले पनि धेरैको संलग्नता रहेको र यसको बाहिरी नतिजा नदेखिए पनि भित्री रूपमा सक्रिय छन्,' उनले भनिन्।

अर्का राजनीतिक विश्लेषक जेबी विश्वकर्मा भने निर्वाचनमा जेनजी सहभागी हुनुको विकल्प नभएको तर उनीहरूको वैकल्पिक राजनीतिक बाटोबारे स्पष्टता अभाव रहेको औंल्याउँछन् । 'जेनजी एउटा राजनीतिक संगठन नभई उमेर समूह भएकाले यसको सक्रियतामा केही सीमाहरू छन् र सुरुमा सामाजिक विकृतिविरुद्धको विद्रोहका रूपमा सुरु भएको आन्दोलनले अहिले राजनीतिक व्यवस्थामाथि नै प्रश्न उठाउन थालेको छ,' उनी भन्छन्।

विश्वकर्माका अनुसार जेनजीले तत्कालै ठुलो र एकीकृत पार्टी बनाउने सम्भावना कम छ, यद्यपि साना संगठनहरू बन्ने र पछि ठुलो रूप लिने सम्भावना भने छ। तर वैचारिक स्पष्टताबिनाका प्रयासहरूले रचनात्मक नतिजा ल्याउन नसक्ने उनी खतरा देख्छन् । परम्परागत राजनीतिको सत्ताकेन्द्रित प्रवृत्तिलाई चुनौती दिँदै गणतन्त्र, संघीयता र समावेशीकरणजस्ता लोकतान्त्रिक उपलब्धिहरूमा खतरा नपुग्ने गरी स्पष्ट विचार, दृष्टिकोण र कार्यक्रमसहित नयाँ राजनीतिक परिपाटी आवश्यक रहेको उनको बुझाइ छ।

युवामा देखिएको आवेग र आक्रोशलाई राजनीतिक रूपमा सम्बोधन गर्न नसके अराजकता वा प्रतिगमनको जोखिम बढ्ने पनि उनले चेतावनी दिए। जेनजीले विद्यमान पार्टीभित्र रहेर पनि राष्ट्रिय स्वाधीनता, जनताका आधारभूत अधिकार, आर्थिक विकास र विभेदको अन्त्य जस्ता मुद्दाहरूमा सम्झौता नगरी रूपान्तरणका लागि दबाब दिनुपर्नेमा विश्वकर्माले जोड दिए।

जहाँबाट उठेका, त्यहीँ प्रश्न

सामाजिक सञ्जालबाट सडक हुँदै सरकारलाई समेत ढालेर नयाँ सरकार गठन गरेको जेनजीहरूलाई सामाजिक सञ्जालमै प्रश्न आउन थालेका छन्। सञ्जालमा यदि जेनजी समूहहरूले अन्ततः राजनीतिक दल गठन गरे भने त्यसको स्वरूप कस्तो होला भन्ने विषयमा पनि धेरै अड्कलबाजीहरू छन्।

उनीहरूका अहिलेका अभिव्यक्तिहरू हेर्दा सम्भावित दलका विशेषताहरू भ्रष्टाचारविरोधी, युवाकेन्द्रित, प्रत्यक्ष कार्यकारीको माग गर्ने, संस्थागत सुधारको पक्षधर र डिजिटल प्लेटफर्मको प्रयोग गरी नयाँ शैलीको राजनीतिक अभियान चलाउने खालका हुन सक्छन्।

तर यी विशेषताहरूलाई एउटै वैचारिक धरातलमा कसरी ल्याइन्छ र त्यसलाई कसरी घोषणापत्रमा समेटिन्छ भन्ने कुरा पनि उत्तिकै चुनौतीपूर्ण हुन्छ, किनकि जेनजी समूहबिच संविधानलाई चलाउने वा नचलाउने, तत्काल चुनावमा जाने वा सुधारपछि जाने जस्ता मूलभूत विषयमा समेत भिन्नताहरू देखिन्छन्।

हालको अवस्था हेर्दा फागुन २१ गतेको निर्वाचनअघि जेनजीका सबै समूह एकीकृत भएर एउटै शक्तिशाली राजनीतिक दलका रूपमा आउने सम्भावना न्यून देखिन्छ । दल खोल्ने तयारीमा रहेका सुदनको समूह र तत्काल संविधान चलाउन नहुने भन्दै निर्वाचनको वातावरण बनाउनुपर्ने तर्क गर्ने रक्षा बम लगायतका समूहबिचमै स्पष्ट मतभेदहरू छन्।

यदि जेनजीले एकीकृत दल बनाउन नसके यसका केही सम्भावित परिणामहरू हुन सक्छन्। जेनजी आन्दोलनबाट प्रभावित केही व्यक्तिहरूले स्वतन्त्र उम्मेदवारी दिन सक्छन्, जसरी काठमाडौँ र धरानमा स्वतन्त्र उम्मेदवारहरूले सफलता पाएका थिए। केही जेनजी अभियन्ताहरूले आफ्नो विचार मिल्ने स्थापित राजनीतिक दलहरूसँग सहकार्य गरेर निर्वाचनमा होमिन सक्छन् । विवेकशील साझा पार्टीले त जेनजी पुस्ताका अभियन्ताहरूसँग सहकार्य गर्दै भ्रष्टाचार र कुशासनविरुद्ध लड्न बृहत्तर एकताको आह्वानसमेत गरिसकेको छ, जसका लागि पार्टीको नाम र चुनाव चिह्नसमेत परिवर्तन गर्न तयार रहेको जनाएको छ।

यदि जेनजीले आफूलाई प्रतिनिधित्व गर्ने कुनै ठोस विकल्प नदेखे उनीहरूमा चुनावी सहभागिताप्रति उदासीनता बढ्न सक्छ, जसले समग्र निर्वाचनको नतिजामा असर पार्न सक्छ । विभिन्न समूहहरूबिचको एकताको कमी, स्पष्ट रणनीतिक गृहकार्यको अभाव र पार्टी गठनको विषयमा आन्तरिक द्विविधाले जेनजीको राजनीतिक भविष्यलाई अनिश्चित बनाएको छ।

तर नयाँ दल खोल्नेबित्तिकै शक्ति निर्माण हुने र निर्णायक बन्छन् भन्ने अवस्था पनि छैन, किनकि पछिल्लो समय वैकल्पिक भनिएकाहरू कि त फुट कि त कलहको मारमा परेका छन् । विवेकशील साझा, राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीहरूमा देखिएका विवादले यो पुष्टि गर्छ।

तर फागुन २१ गतेको निर्वाचन नजिकिँदै गर्दा, जेनजी समूहहरूले कस्तो निर्णय लिन्छन् र त्यसले नेपालको भावी राजनीतिमा कस्तो प्रभाव पार्छ भन्ने कुरा हेर्न बाँकी नै छ। यदि उनीहरू संगठित हुन नसके 'फ्रेस म्यान्डेट' का लागि उठेको आन्दोलनको चुनावी लाभ स्थापित दलहरूले नै उठाउने खतरा पनि उत्तिकै छ।-रातोपाटी

विषादीयुक्त तरकारी र फलफुल सेवनबाट बच्न जनहितमा जारी सन्देश

फलफुल तथा तरकारीमा विषादी सजिलै छुट्याउन त गाह्रो हुन्छ । यसको मापन गर्न यन्त्र उपकरणको आवश्यकता पर्छ । तर पनि तरकारी तथा फलफुल किन्दा केही सावधानी अपनाएको खण्डमा विषादीबाट यसरी बच्न सकिन्छ ।

- चिल्लो देखिने तरकारी तथा फलफुललाई बहिष्कार गर्ने ।
- आईलिएको जस्तो या किरा फट्याङ्ग्राले खाएको जस्तो किन्ने ।
- खोट नभएको भन्दा पनि कतै खोट भएको किन्ने ।
- सागपातमा प्वाल परेको जस्तो किन्ने ।
- सकभर मौसम अनुसार फल्ने फलफुल र तरकारीको मात्र सेवन गर्ने ।
- अर्गानिक र ताजा फलफुल र तरकारी किन्ने ।
- विषादी जन्य खाद्यान्नलाई बहिष्कार गर्ने ।
- विषादी युक्त फलफुल र तरकारी भान्सामा नै भित्रिएको अवस्थामा ।
- सामान्य तरीका भनेको राम्ररी धुने, पखाल्ने नै हो । तर धोइपखाली गर्दा समेत विषादी नजान सक्छ, त्यसैले अधिका मात्रामा रहेको विषादी हटाउन नुनपानिको प्रयोग गर्न सकिन्छ ।
- यदि नुनपानि नराख्ने भए सफापानिमा रातभर भिजाउने र बिहान राम्रोसँग पखाल्ने गर्‍यो भने धेरै हदसम्म बाहिरी भागमा रहेको विषादी जान्छ । उपभोक्ता आफै सचेत भई आफ्नो स्वास्थ्यको विषादीयुक्त फलफुल र तरकारी खानु पर्छ ।

कृषी ज्ञान केन्द्र महोत्तरी
जलेश्वर,महोत्तरी






# अलमलमा जेनजी, चुनाव नजिकिँदा खै दल ?

टक नेपाल

अन्तरिम सरकारले फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको घोषणा गरेको छ। सरकारले निर्वाचनकेन्द्रित भइसकेको पनि बताइसकेको छ, प्रधानमन्त्री सुशीला कार्की र राष्ट्रपति रामचन्द्र पौडेल निर्वाचनको वातावरण लागिपरेका छन् ।

तर जुन जनआन्दोलनले यो राजनीतिक परिवर्तनको ढोका खोल्यो, त्यसका मुख्य सरोकारवाला जेनजी समूह भने निर्वाचनसँग प्रत्यक्ष जोडिने तयारीमा किन छैनन्, स्पष्ट र एकीकृत तयारीमा उनीहरू देखिएका छैनन् ।

उनीहरूका विभिन्न समूहहरूबिच राजनीतिक दल गठन गर्ने र चुनावी प्रक्रियामा कसरी सहभागी हुने भन्ने विषयले मूर्त रूप लिइसकेको छैन ।



'जेनजीको पार्टी कहिले आउँछ र कस्तो आउँछ' कौतहुल पनि छ, सँगै अनुत्तरित पनि । निर्वाचनको मिति नजिकिँदै गर्दा जेनजी समूहहरूले दल खोल्ने विषयमा पर्याप्त गृहकार्यसमेत नगरेको अवस्था छ ।

जेनजीहरूको एक समूहले भेट गर्न जाँदा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. राम प्रसाद भण्डारीले जेनजीहरूलाई छिटोभन्दा छिटो दल बनाएर निर्वाचन आयोगमा दर्ता गर्न आग्रह गरेका थिए । उनले दलसँग छलफल गर्दा जेनजीहरूको आवाजलाई मान्यता दिइने र निर्वाचनमा सहभागी हुन दल गठन गर्नु नै एकमात्र विकल्प भएको स्पष्ट पारेका थिए। तर, आयोगको यो आग्रहले जेनजी समूहहरूलाई एउटै छातामुनि ल्याउन वा उनीहरूलाई ठोस निर्णयमा पुऱ्याउन अझै सफल भएको देखिएको छैन ।

जेनजी आन्दोलनपछि विभिन्न समूह र उप-समूहहरू देखापरेका छन्, जसका आ-आफ्नै धारणा र प्राथमिकताहरू छन् । यो विविधताले पार्टी गठनको प्रक्रियालाई थप जटिल बनाएको छ । 'जेनजी मुमेन्ट अलायन्स'ले दल खोल्ने खासै तयारी नभएको जनाएको छ ।

यद्यपि उनीहरूका केही साथीहरू आ-आफ्नै ढंगले सक्रिय रहेका भए पनि राजनीतिक दल खोल्ने ठोस योजना वा कार्यदिशा केही छैन । अलायन्समा ३९ जिल्लाका प्रतिनिधिसहित १२ वटा समूह रहेको दाबी गरिएको छ ।

अर्का जेनजी अगुवाका रूपमा काम गरिरहेका 'हामी नेपाल'का संयोजक सुदन गुरुङ भने आन्तरिक तयारीमा जुटेका छन् । उनीनिकट स्रोतका अनुसार हर्क साम्पाङ र बालेन सचिवालय समेत सम्पर्कमा छन् । दल खोल्नेचाहिँ निश्चित भए पनि को-कोसँग सहकार्य गर्ने भन्ने विषय भने टुंगो लागेको छैन । उनको समूहले चुनावमा भाग लिने तर सरकारमा सहभागी नहुने अडान लिएको छ ।

यद्यपि सुदन गुरुङले पछिल्लो समयमा सरकारी कार्यालयमा गएर निर्देशन दिँदै आएका छन् । उनले संविधान 'च्यात्ने कि राख्ने' भन्नेमा आफू दुविधामा रहेको समेत बताएका छन् । उनको यी कार्यहरूलाई लिएर स्थापित राजनीतिक दलहरूले हस्तक्षेप गरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्, जसले गर्दा जेनजी आन्दोलनभित्रै पनि नेतृत्वको कार्यशैलीलाई लिएर प्रश्न उठेका छन् ।

जेनजी अगुवा रक्षा बम, युजन राजभण्डारी लगायतको टोली पनि पार्टी आवश्यक रहेको स्वीकार गरेका छन्, आन्दोलनपछि प्रधानसेनापतिसँग वार्ता गरेर उनीहरू चर्चामा आएका थिए । उनीहरूको समूह अहिले माहोल शान्त पार्नुपर्ने र चुनावी वातावरण सिर्जना गर्नुपर्ने लबिङ गरिरहेको छ ।

उनीहरूले 'पार्टी आवश्यक छ, अहिले नखोले कहिले खोल्ने भन्ने प्रश्न पनि छ, तर अहिले माहोल शान्त बनाउनुपर्ने जिम्मेवारी पनि हामी सबैको हो । त्यसकारण निर्णय भइसकेको छैन' भनेका छन् । यो समूहले संविधानलाई तत्काल चलाउन नहुने र चुनाव केन्द्रित भएर अघि बढ्नुपने ' सोच राखेको देखिन्छ ।

आन्दोलन अगाडि नै सामाजिक सञ्जालमा भाइरल भएर अहिले केही जेनजी समूहहरूको नेतृत्व गरिरहेका मिराज ढुंगाना भने प्रत्यक्ष कार्यकारीको चुनाव हुनुपर्ने अडानमा छन् । दल खोल्ने बारे भने उनले पनि स्पष्ट पारेका छैनन् ।

यस्तै आन्दोलनमा चर्को भाषण गरेर भाइरल भएका प्रवेश दाहाल भने अहिले जेनजीहरूलाई एकताबद्ध गर्न स्थानीय तहसम्म भेला हुन आह्वान गरिरहेका छन् । उनले पछि यो समूहलाई पार्टीको रूपमा लिन सक्ने विभिन्न स्थानमा भाषण पनि गरेका छन् ।

**दलप्रति छैन विश्वास, आफ्नै शक्ति बनाउन पनि चुनौती**

जेनजी आन्दोलनलाई नियालिरहेका विश्लेषकहरू समेत जेनजी आन्दोलनले नेपालको राजनीतिमा नयाँ चेतना र ऊर्जा ल्याए पनि यसलाई एकताबद्ध राजनीतिक शक्तिको रूपमा परिणत गर्न विभिन्न चुनौती देखिने बताउँछन् ।

जेनजी आन्दोलन स्वतःस्फूर्त र नेतृत्वविहीन रूपमा उठेकाले यसमा विभिन्न विचार र दृष्टिकोण भएका समूहहरू देखापर्नु स्वाभाविक हो, तर यसले एउटै छातामुनि रहेर दल खोल्ने निर्णय लिन कठिनाई छ ।

प्रत्येक समूहका आ-आफ्नै प्राथमिकता र कार्यशैली भएकाले पनि समस्या उत्पन्न गराइरहेका छ ।

निर्वाचनमा सहभागी हुनका लागि राजनीतिक दल गठन गर्नु मात्र पर्याप्त हुँदैन, यसका लागि स्पष्ट विचार, सिद्धान्त, घोषणापत्र, संगठन संरचना, वित्तीय स्रोत र चुनावी रणनीति आवश्यक हुन्छ । जेनजी समूहहरूले यी कुनै पनि विषयमा ठोस र एकीकृत गृहकार्य गरेको देखिँदैन । दल खोल्ने 'होमवर्क' को कमीले उनीहरूको चुनावी सम्भावनालाई कमजोर बनाएको छ ।

बाकी पृष्ठ २......






## मधेशमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले गरिन् आह्वान




टक नेपाल

मधेशमा नयाँ सरकार गठनका लागि आह्वान गरिएको छ।

मुख्यमन्त्री सतिशकुमार सिंहले मंगलबार दिएको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख सुमित्रा सुवेदीले नयाँ सरकार गठनका लागि आह्वान गरेकी हुन्। नयाँ सरकार गठनका लागि भोलि बुधबार अपरान्ह ४ बजेसम्म दुई वा दुई भन्दा बढी दलको बहुमत पुऱ्याएर दाबी पेश गर्न आह्वान गरिएको छ।

१०७ सदस्य प्रदेश सभामा सरकार बनाउन ५४ सदस्य आवश्यक पर्छ।

मधेश प्रदेश सभामा कांग्रेसको २२, नेकपा एमालेको २५, जनता समाजवादी पार्टी, नेपालको १९, जनमत पार्टीको १३, लोकतान्त्रिक समाजवादी पार्टी नेपालको ९, नेकपा माओवादी केन्द्रको ९, एकीकृत समाजवादी पार्टीका ७, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीको एक/एक गरी १०७ जना सदस्य छन्।

## दीपावलीमा केराको बोट जरा सहित राखौं : पर्यावरण अभियानी शर्माको

चन्दन रजक



दीपावली नजिकिँदै गर्दा घर-घरमा सजावट र लक्ष्मीपूजाको तयारी तीव्र भइरहेका बेला हरियाली पर्यावरण अभियानी तथा वृक्ष महा मानवका रूपमा परिचित श्री सुरेश शर्माले महत्वपूर्ण जनचेतनामूलक सन्देश दिएका छन्।

उनीका अनुसार, प्रत्येक वर्ष दीपावलीको अवसरमा घर अगाडि राखिने केराको बोट ईश्वरको बास हुने भएकाले शुभ मानिन्छ, तर धेरैजसो मानिसहरूले त्यो बोटलाई फेदबाट काटेर ल्याउने गर्छन्, जसले वातावरणीय र धार्मिक दृष्टिले गलत सन्देश दिन्छ।

शर्मा भन्छन्, "घर अगाडि राखिने केराको बोटलाई सम्मान सहित राख्नु हाम्रै दायित्व हो। तर जब हामी त्यसलाई जरा काटेर ल्याउँछौं, त्यो बोट शोकाकुल अवस्थामा हुन्छ। यस्तो पीडामा रहेको बोटले कसरी धनकी देवी लक्ष्मीलाई आमन्त्रण गर्न सक्छ?"

उनले सबैलाई यस वर्षदेखि जरा सहितको केराको बोट ल्याउन र लक्ष्मीपूजाको भोलिपल्ट त्यसलाई रोपेर हरियालीको सन्देश फैलाउन आह्वान गरेका छन्। शर्माले भनेका छन्, "केराको बोटमा ईश्वरको बास हुन्छ, त्यसैले त्यसलाई काटेर होइन, जरा सहित सम्मानपूर्वक रोपौं र पूजौं। यसरी गर्दा घरमा लक्ष्मीको आशीर्वाद त आउँछ नै, साथै वातावरण पनि सन्तुलित रहन्छ।"

उनको यो सन्देशले धार्मिक आस्था र पर्यावरण संरक्षण दुबैलाई जोड्ने काम गरेको छ।

## महोत्तरीबाट ३0 किलो गाँजासहित ५ जना पक्राउ



टक नेपाल

माहोत्तरीबाट ३० केजी गाँजा बरामद भएको छ भने ५ जना समातिएका छन्। बर्दिवास-४ स्थित पञ्चधुरा मन्दिर क्षेत्रबाट झाडीमा लुकाइराखेको १० केजी र मनराशिसवा-२ भोल्हीबाट २० केजी गाँजासहित ५ जना पक्राउ परेको प्रहरीले जनाएको छ।

सर्लाही हरिवन-४ का २३ वर्षका डेनिस घिसिङ, २९ वर्षका राज बुलन, जनकपुर उपमहानगरपालिका-२ का वर्ष २६ का धिरण यादव, वर्ष २४ का उमेश यादवलाई पञ्चधुराबाट नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक शैलेन्द्रकुमार भट्टले जानकारी दिए।

त्यस्तै, सरपल्लोबाट भोल्हीतर्फ जाने क्रममा अनटेस्ट लेखिएको पल्सर बाइक जाँच गर्दा फेला परेको ४ पोका (२० केजी) गाँजासहित महोत्तरी सोनमा-१ बस्ने ३१ वर्षका रामभरोस यादवलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको भट्टले बताए।

उनीहरूविरुद्ध मुद्दा दायर गरी जिल्ला अदालत महोत्तरीबाट म्याद थप गराई कारबाही प्रक्रिया अघि बढाएको प्रहरीले जनाएको छ।

## सप्तरीको पानी उद्योगलाई दुई लाख जरिवाना

टक नेपाल



पानीमा लेदो भेटिएपछि सप्तरीका एक उद्योगलाई दुई लाख जरिवानासँगै बिक्रीमा पनि रोक लगाइएको छ।

सप्तरीको शम्भुनाथ नगरपालिका-५ मोहनपुरस्थित वीरेन्द्र फुड्स एण्ड ब्रेरभेज इन्ड्रष्ट्रिजलाई दुई लाख रुपैयाँ जरिवानासहित बिक्रीमा रोक लगाइएको हो।

इन्ड्रष्ट्रिजबाट उत्पादन हुने एक्वा पानीको बोतलमा लेदो तथा आँखाले प्रष्टसँग देखिने बाह्य वस्तु (सोलिड एण्ड डस्ट) भेटिएकाले दुई लाख जरिवाना गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जितेन्द्र पासवानले जानकारी दिनुभयो।संयुक्त बजार अनुगमन टोलीले अनुगमनको क्रममा ६० वटा पानीको बोतलमा लेदो भेटेपछि पानी नष्ट गरेको थियो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख राजिन बुढाथोकीले उक्त उद्योगलाई दुई लाख रुपियाँ जरिवाना गरिएको जानकारी दिनुभयो।

**तिहार र छठ पर्वको शुभकामना दिनुहोस आफ्नो आफन्तलाई**
**फोटो सहित मात्र १००० रुपैयामा ९८६३३२१०१४**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल**

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014